**आकाशवाणी**

**14th of dec 2024**

**मुख्य समाचार**

- **प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनको अध्यक्षता**
- **लोकसभामा संविधानको 75 वर्षको यात्राको विशेष छलफल पुनः सुरु**
- **भारतीय प्रजातन्त्रलाई अभिव्यक्ति र संवादमा सन्तुलन केन्द्रित गर्नुपर्ने उपराष्ट्रपिको भनाई**
- **एक राष्ट्र, एक चुनावसम्बन्धी दुई विधेयक सोमबार लोकसभामा प्रस्तुत हुने**
- **भारतीय रिजर्व बैंकद्वारा कृषक ऋण सीमा वृद्धि**

**प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनको अध्यक्षता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले भोलि सम्मेलनलाई सम्बोधन पनि गर्नुहुने छ। हिजोदेखि सुरु भएको तीन दिवसीय सम्मेलनले साझा योजनाको विकास र कार्यान्वयन तथा केन्द्र-राज्य सहकार्यद्वारा सामूहिक कार्यका लागि खाका तयार गर्न ध्यान केन्द्रित गरेको छ। सम्मेलनको उद्देश्य केन्द्र र राज्य सरकारहरूबीचको साझेदारीलाई अझ सुदृढ गर्दै सहकारी संघीयतालाई प्रवर्द्धन गर्ने र शिघ्र विकास तथा समृद्धिका लागि राम्रो समन्वय सुनिश्चित गर्नु हो। कार्यक्रममा सबै राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिवहरू, राज्यका वरिष्ठ अधिकारीहरू तथा विभिन्न क्षेत्रका विज्ञहरूले सहभागिता जनाएका छन्। प्रधानमन्त्री श्री मोदीको केन्द्र र राज्यबीचको सहकार्यलाई मजबुत बनाउन गरिएको यो पहलको रूपमा मुख्य सचिवहरूको सम्मेलन आयोजना हुँदै आएको छ। चौथो राष्ट्रिय सम्मेलनको विषयवस्तु ‘उद्यमशीलता, रोजगार र कौशल प्रवर्द्धन - जनसांख्यिक लाभको उपयोग’ मा केन्द्रित छ। यस विषय अन्तर्गत राज्य र केन्द्रशासित प्रदेशहरूले अपनाउन सक्ने उत्कृष्ट अभ्यास र रणनीतिहरू प्रस्तुत गरिनेछ।

**लोकसभामा संविधानको 75 वर्षको यात्राको विशेष छलफल पुनः सुरु**

लोकसभामा भारतीय संविधानको 75 वर्षको गौरवमय यात्रामाथि विशेष छलफल पुनः सुरु भयो। संसदीय मामिला मन्त्री किरेन रिजिजुले डा. भीमराव अम्बेडकरको योगदानको प्रशंसा गर्दै भन्नुभयो कि प्रधानमन्त्री नरेन्द्र मोदी संविधानको मर्म अनुसार सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयासको मन्त्रमा काम गरिरहनुभएको छ। उहाले देशमा स्वतन्त्रतापछि सबैका लागि समान अधिकार सुनिश्चित गरिएको र अल्पसंख्यकहरूका लागि कुनै भेदभाव नगरिएको बताउनुभयो। श्री रिजिजुले 6 अल्पसंख्यक समुदायहरूको कल्याणका लागि विभिन्न योजनाहरू लागू गरिएको जानकारी दिनुभयो। श्री रिजिजुले 2014 मा एनडीए सरकार आएपछि पूर्वोत्तरमा भएका विकासबारे तथ्यांकपनि प्रस्तुत गर्नुभयो। टीडीपी सांसद लवू श्री कृष्ण देवरायलुले संविधान निर्माणमा डा. अम्बेडकरसँगै 3 सय उनान्सी सदस्यहरू सहभागी रहेको स्मरण गराउनुभयो। कांग्रेस नेता राहुल गान्धीले सरकारमाथि संविधान कमजोर बनाएको आरोप लगाउँदै बेरोजगारी, अग्निवीर योजना, किसान र महिलामाथिका अत्याचारबारे प्रश्न पनि उठाउनुभयो। श्री गान्धीले भन्नुभयो कि वर्तमान सरकारमा राजनीतिक, सामाजिक, र आर्थिक समानता समाप्त भएको छ। उहाले कांग्रेस सत्तामा आएपछि जातीय जनगणना र आरक्षणको 50% सीमा हटाउने घोषणा गर्नुभयो। राहुल गान्धीका आरोपहरूको जवाफ दिँदै भाजपा सांसद अनुराग ठाकुरले पूर्व प्रधानमन्त्री इन्दिरा गान्धीले नै देशमा आपतकाल लगाएर लोकतन्त्रलाई कमजोर बनाएको आरोप लगाउनुभयो। श्री ठाकुरले कांग्रेसले सिखहरूमाथि हिंसा र शासनकालमा प्रजातन्त्र कमजोर बनाएको आरोप पनि लगाउनुभयो।

**भारतीय प्रजातन्त्रलाई अभिव्यक्ति र संवादमा सन्तुलन केन्द्रित गर्नुपर्ने: उपराष्ट्रपिको भनाई**

उपराष्ट्रपति जगदीप धनखड़ले भारतीय प्रजातन्त्रले अभिव्यक्ति र संवादको सन्तुलनमा ध्यान दिनुपर्ने बताभयो । प्रजातन्त्र केवल व्यवस्थामात्र नभई मौलिक मूल्यहरूको आधारमा विकसित हुने उहाँले बताउनुभयो। उपराष्ट्रपतिले आज नयाँ दिल्लीमा आयोजित भारतीय डाक अनि दूरसञ्चार लेखा तथा वित्त सेवा (IP&TAFS) को 50औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उपराष्ट्रपतिले सार्थक संवाद र प्रामाणिक अभिव्यक्तिको गिरावटले बाहिरी र आन्तरिक संस्थागत चुनौतीहरू पैदा गर्ने बताउनु भयो। उहाले भन्नुभयो अभिव्यक्ति र संवाद एकअर्काका पूरक हुन् र दुबैबीचको सामञ्जस्य नै सफलता प्राप्त गर्ने मुख्य आधार हो। श्री धनखड़ले आधुनिक सिविल सेवकहरूलाई प्रविधिमा दक्ष, परिवर्तनका संवाहक र परम्परागत प्रशासनिक सीमाहरूभन्दा पर सोच्न सक्ने हुनुपर्ने बताउनुभयो।

**वायुसेना प्रमुखद्वारा नव नियुक्त अधिकारीहरूलाई शुभकामना**

वायुसेना प्रमुख, एयर चीफ मार्शल अमरप्रीत सिंहले आज नव नियुक्त अधिकारीहरूलाई भविष्यका नेता र कमाण्डर बन्ने शुभकामना दिनुभएको छ। हैदराबाद नजिक वायुसेना एकेडेमीमा आयोजित पासिङ आउट परेड कार्यक्रममा उहाले फ्लाइङ अफिसरहरू केवल वायुसेना सैनिक मात्र नभई भविष्यका नेता र कमाण्डर हुने बताउनुभयो। उहाले भारतीय वायुसेनाका मूल्य, मिशन, अखण्डता र उत्कृष्टतालाई कायम राख्न आग्रह गर्नुभयो। भारतीय वायुसेना, भारतीय नौसेना र तट-रक्षक बलका विभिन्न विभागहरूबाट 200 भन्दा बढी फ्लाइट क्याडेटहरू र एक मित्र देशका अधिकारीले वायुसेना एकेडेमीमा आफ्नो प्रशिक्षण पूरा गरेका छन्।

**एक राष्ट्र, एक चुनावसम्बन्धी दुई विधेयक सोमबार लोकसभामा प्रस्तुत हुने**

केन्द्रीय कानून मन्त्री अर्जुनराम मेघवालले लोकसभामा 129औं संविधान संशोधन विधेयक र केन्द्रशासित क्षेत्र संशोधन विधेयक पेश गर्नुहुने छ। हालै, सरकारले देशभर एकैसाथ चुनाव गर्नको लागि प्रस्तावित एक राष्ट्र, एक चुनाव नीति सम्बन्धी उच्चस्तरीय समितिको सिफारिसहरू स्वीकृत गरेको थियो। पूर्व राष्ट्रपति रामनाथ कोविन्दको अध्यक्षतामा गठित यस समितिले राजनीतिक दल, विशेषज्ञ, र अन्य सबै सरोकारवालाहरूसँग विस्तृत छलफल गरेको थियो। एक राष्ट्र, एक चुनाव नीति दुई चरणमा लागू गरिनेछ। पहिलो चरणमा लोकसभा र राज्यसभाका चुनाव एकैसाथ गरिनेछ भने दोस्रो चरणमा स्थानीय निकायहरू, जस्तै पंचायत र नगरपालिकाका चुनाव, आम चुनावको 100 दिनभित्र सम्पन्न गरिनेछन्।

**भारतीय रिजर्व बैंकद्वारा कृषक ऋण सीमा वृद्धि**

भारतीय रिजर्व बैंकले बिना धितोका कृषि ऋणको सीमा 1 लाख 60 हजार रुपैयाँबाट बढाएर 2 लाख रुपैयाँ पुऱ्याउने निर्णय गरेको छ। यो निर्णय आगामी वर्षको जनवरी 1 देखि लागू हुनेछ। कृषि तथा किसान कल्याण मन्त्रालयले यस निर्णयको उद्देश्य किसानहरूलाई अझ राम्रो वित्तीय सुविधा प्रदान गर्नु रहेको जनाएको छ। यसले किसानहरूमा मुद्रास्फीति र कृषि लागतमा भएको वृद्धिको प्रभाव कम गर्ने विश्वास गरिएको छ।

**वायनाडका लागि विशेष राहत प्याकेजको माग**

कांग्रेस सांसद प्रियंका गान्धीले सरकारसँग केरलमा भूस्खलनबाट प्रभावित वायनाडका लागि विशेष राहत प्याकेज घोषणा गर्न आग्रह गर्नुभएको छ। आज संसद भवन बाहिर पत्रकारहरूसँग कुरा गर्दै उहाले सरकारले यस प्राकृतिक विपद्बाट प्रभावित मानिसहरूप्रति सहानुभूति देखाउनुपर्ने बताउनुभयो। प्रियंका गान्धीले भूस्खलनका कारण 2 हजार  करोड रुपैयाँ मूल्यको सम्पत्ति नष्ट भएको  र सरकारले निर्धारित नियमअनुसार सहायता रकम जारी गर्नुपर्नै कुरामा जोड दिनुभयो। उहाले वायनाडका जनतालाई विशेष राहत प्याकेजको अत्यन्त आवश्यकता रहेको जनाउनुभएको छ।केरलका कांग्रेस सांसदहरूले पनि विशेष राहत प्याकेजको माग गर्दै विरोध प्रदर्शन गरेका थिए।

**पंजाबमा प्रदर्शनकारी किसानहरूले दिल्ली जाने अभियान स्थगित गरे**

पंजाबका प्रदर्शनकारी किसानहरूले फेरि एक दिनका लागि दिल्ली चलो अभियान स्थगित गरेका छन्। शम्भू बोर्डरमा केही किसान घाइते भएपछि यो निर्णय लिइएको हो। प्राप्त समाचारअनुसार हरियाणा पुलिसले  किसानहरूलाई हटाउन असश्रु ग्यास प्रयोग गरेको थियो। सर्वोच्च अदालतले 18 दिनदेखि अनशनमा बसेका किसान नेता जगजीत सिंह डल्लेवाललाई स्वास्थ्य सेवा सुनिश्चित गर्न निर्देशन दिएपछि आज पटियालाका जिल्ला अधिकारी र जिल्ला पुलिस प्रमुखले उहाँसँग भेट गरेका छन्।  जानकारी गराइन्छ...किसानहरूले न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्न र ऋण माफीको माग राख्दै 13 फेब्रुअरीदेखि पंजाब र हरियाणाको शम्भू र खन्नोरी बोर्डरमा प्रदर्शन गरिरहेका छन्।

**मुख्य समाचार फेरि एकपल्ट**

- **सबैभन्दा पहिला आजका मुख्य समाचार**
- **प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनको अध्यक्षता**
- **लोकसभामा संविधानको 75  वर्षको यात्राको विशेष छलफल पुनः सुरु**
- **भारतीय प्रजातन्त्रलाई अभिव्यक्ति र संवादमा सन्तुलन केन्द्रित गर्नुपर्ने उपराष्ट्रपिको भनाई**
- **एक राष्ट्र, एक चुनावसम्बन्धी दुई विधेयक सोमबार लोकसभामा प्रस्तुत हुने**
- **भारतीय रिजर्व बैंकद्वारा कृषक ऋण सीमा वृद्धि**